फोन नं. ०८२-४१७००७०
इमेल:pmamp.piudang@gmail.com
वेवसाइड:www.piudang.pmamp.gov.np

नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाई, दाङ

## प्रस्ताव आब्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।४।१५

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,कार्यक्रम कार्यान्वयन इकाई दाङ अन्तर्गत आ.व. २०८३।८४ मा निम्न लिखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले यस कार्यक्रममा आबद्ध ईच्छुक कृषक समूह,कृषि सहकारी,कृषक उद्यमी,जल/वन उपभोक्ता समिति र कृषि फर्म/कम्पनीहरुले तपसिल बमोजिमका आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मिति २०८३/४/१५ ले ३५ औ दिन २०८३/५/१८ गते भित्र यस कार्यक्रमको वेवसाइट www.piudang.pmamp.gov.np मा तोकिएको ढाँचा ( अनुसूची १०) बमोजिम प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।निर्धारित समयभित्र पेश नभएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही हुने छैन ।

तपशिल

| क्र.स. | कार्यक्रम कृयाकलापको नाम | बार्षिक लक्ष्य (संख्या/पटक) | बजेट रू लाख मा | कार्यक्रम लागु हुने क्षेत्र | अनुदान प्रतिशत | प्रस्ताव आबेदन पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | १४ वटा | २८ | मकै सुपरजोन | बढीमा ८५% | व्यवसायिक उत्पादन क्षेत्रहरुमा । |
| २ | चाक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/ यन्त्रमैत्री गह्रा सुधार) | २ वटा | ६.८५ | जिल्लाभर | ५०% देखी ८५% सम्म | परियोजना संचालन म्यानुअल २०७७ र पहिलो शंशोधन २०८१ अनुसार प्रस्ताव पेश गर्नु पर्ने छ । |
| ३ | मकै उत्पादक कृषकहरुलाइ पोष्टहार्भेष्ट क्षति न्युनिकरण सामाग्रीहरु सहयोग | १ पटक | ७.५ | मकै सुपरजोन | बढीमा ५०% | मकै बालीसँग सम्बन्धीत कृषकहरुलाइ सहयोग गरिने । |
| ४ | आधुनिक तोरी उत्पादन गाउँ स्थापना तथा सहयोग | २ पटक | १२ | तोरी जोन | बढीमा ५०% | व्यवसायिक उत्पादनमा संलग्न समुह तथा सहकारीहरु |
| ५ | बाख्रा खोर सुधार/निर्माण सहयोग | १० संख्या | १० | बाख्रा जोन | ५०% देखी ८५% सम्म | व्यबसायिक उत्पादन क्षेत्रहरुमा । |
| ६ | पशुनश्ल सुधार कार्यक्रम | १ पटक | २.१ | बाख्रा जोन | बढीमा ५०% | व्यबसायिक उत्पादन क्षेत्रहरुमा । |

कोमल शाही
... अधिकृत

फोन नं. ०८२-४१७००७०
इमेल:pmamp.piudang@gmail.com
वेवसाइड:www.piudang.pmamp.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | पशु आहारा बिकास तथा ब्यवस्थापन कार्यक्रम | २ पटक | ३.७५ | बाखा जोन | बढीमा ५०% | ब्यवसायिक उत्पादन क्षेत्रहरुमा |
| ८ | जोन /सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | १ पटक | २८ | मकै सुपरजोन क्षेत्र | बढिमा ५० | ब्यवसायिक रुपमा खेती गरिरहेका कृषक समुह, कृषि सहकारी र कृषि फर्म |
| ९ | जोन/ सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण | १ पटक | ४ | बाखा जोन | बढीमा ५०% | ब्यवसायिक रुपमा बाखापालन गरिरहेका कृषक समुह,कृषि सहकारी र कृषि फर्म |

प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरू

१) रु.१० को टिकट टाँस गरेको निवेदन।
२) कृषक समूह,कृषि सहकारी,कृषक उद्यमी र जल/वन उपभोक्ता समितिहरुको नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा लेखा परिक्षणको प्रतिलिपि ।
३) प्रस्तावना पेश गर्ने सम्बन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
४) कृषक समूह,कृषि सहकारी,कृषक उद्यमी र जल/वन उपभोक्ता समितिहरुको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं तथा करचुक्ता प्रमाणपत्र प्रतिलिपि।
५) सम्बन्धि स्थानीय तह/वडा कार्यालय वा कृषि बिकास शाखाको सिफारिसपत्र।
६) कार्यक्रममा समावेश हुन चाहने कृषक समूह,कृषि सहकारी,कृषक उद्यमी तथा उपभोक्ता समितिहरुको स्थान खुल्ने गरि लालपूर्जा, आधिकारीक व्यक्तिहरुको नागरिकताको प्रतिलिपि ।
७) कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिनको) हकमा स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा ५ वर्षको र पुर्वाधार निमार्णको हकमा १० वर्ष को करारनामा ।
८) अनुसूची १० बमोजिमको आधिकारिक व्यक्तिले पुरा रुपमा भरेको फर्मेट (कार्यक्रमको वेबसाईट piudang.pmamp.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ)। असमर्थताको लागि तल उल्लेखित सम्पर्क नं मा सम्पर्क गर्न सक्नुहुनेछ वा सम्पर्क कार्यालयबाट उपलब्ध गराइनेछ ।
९) कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी र जल/वन उपभोक्ता समितिहरुले प्रस्तावना सम्बन्धि कार्य गर्नको लागि आधिकारिक ब्यक्ती तोकेको निर्णय पेश गर्नुपर्ने छ ।
१०) अन्य निकायवाट सोही प्रकृतीको कामको लाभान्वित नभएको वा दोहोरो नपर्ने प्रतिबद्धता पत्र पेश गर्न पर्ने छ ।

विस्तृत जानकारीको लागि लमही रातोडाँडा स्थित कार्यक्रम कार्यान्वयन एकाई, दाङको कार्यालय वा कार्यालयको सम्पर्क नं. ०८२-४१७०७०, ९८५७८४२०७० तथा कार्यालयको सम्पर्क कार्यालय तुल्सीपुर (९८५७८४१०३१) र घोराही (९८५७८४१०३२) मा सम्पर्क राख्नुहोला ।

कमल शाही